स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सुं.द.नं. ८४५-०७४।७५ सम्पर्क : ९८४१९८९०८७, ९७६१७७५१७७

वर्ष १२ , अंक ३३ २०८१ चैत्र ४, सोमवार 17 March , 2024 मुल्य रु. १० । jantapatra.com

## नाकाबाट व्यापार सहज बनाउ प्रयत्न गरिँदै



जनतापत्र। भोटेकोशी

उत्तरतर्फको एक महत्त्वपूर्ण सीमानाकाको रुपमा तातोपानी नाकालाई लिन सकिन्छ । तर पछिल्लो समयमा व्यापार भने एकतर्फी रुपमा मात्र भइरहेको छ। सो बिषयमा नेपाली पक्षले चिनियाँसँग असन्तुष्टि प्रकट गर्दै आएको छ।

भूकम्पपछि आयात मात्रै खुला रहेको यस नाकामा चिनियाँ पक्षले नेपालीका लागि निकासी खुला गरेको बताएको छ। तर पनि यस नाका भएर कुनै पनि वस्तु चीन निकासी नभएको हो ।


व्यापारीले सहजता र दूरीको हिसाबले तातोपानी नाका प्रयोग गर्न चाहेता पनि चिनियाँ पक्षले निकासी खुला नगरेको हो। नेपाली मालवस्तु बुझिलिने चिनियाँ एजेन्ट खासामा नभएको कारण सरकारले उनीहरूलाई केरुङमा मात्रै काम गर्न अनुमति दिएको छ।

तातोपानी नाकाको वास्तविक अवस्था बुझ्न सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी किरण थापाको समन्वय र अनुरोधमा ल्हासास्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला सिगात्से, न्यालम, खासा हुँदै गएको शुक्रबार तातोपानी भन्सार जानुभएको थियो ।

स्थलमार्ग भएर सुक्खा बन्दरगाह आएका निरौलाले भूगोल, सीमा र यहाँको वस्तुस्थितिको निरीक्षण गरिनुका साथैसीमामा क्रियाशील विभिन्न संघसंस्थासँग लामो अन्तर्क्रिया पनि गरिएको छ। व्यापारी, संघसंस्था र स्थानीय जनप्रतिनिधिसँग निरौलाले सबै विषयमा चासो राख्दै स्थानीयले औँल्याएका समस्याबारे टिपोट गरेर निरौला काठमाडौं प्रस्थान गरिएको छ । उहाँले सीमामा रहेका समस्याबारे नेपाल सरकार र चीन सरकारसँग गहिरिएर कुरा गर्ने वचन दिनुभएको छ ।

तातोपानी भन्सारका सूचना अधिकृत सूर्यप्रसाद काफ्लेले दिएको जानकारीअनुसार सरकारको चाहनाबमोजिम नै महावाणिज्यदूतले सीमानाका र भन्सारको स्थलगत अवलोकन गरिएको हो ।

## स्ववियु निर्वाचनमा नेविसंघ र अनेरास्ववियुले गरे भागबन्डा




जनतापत्र । चौतारा

काग्रेस र एमाले निकट विद्यार्थी सङ्गठनहरूले स्ववियु निर्वाचनमा गठबन्धन गर्ने भएका छन् । यही चैत ५ गते स्ववियु निर्वाचन हुँदै छ । उक्त निर्वाचनका लागि सिन्धुपाल्चोकमा अनेर स्ववियु र नेपाल विद्यार्थी संघबीच गठबन्धन गर्ने सहमति भएको हो ।

सिन्धुपाल्चोकमा १२ वटा क्याम्पस छन् जसमध्ये ६-६ वटामा नेतृत्व लिनेगरी सहमति भएको छ ।

सभापति लिएको संगठनले सहसचिव र सचिव र कोषाध्यक्ष लिएको संगठनले उपाध्यक्षमा उम्मेदवारी दिने दुई संगठनबीच सहमति भएको हो ।

## पिपलडाँडामा निशुल्क दन्त शिविर



जनतापत्र । चौतारा

पिपलडाँडामा निशुल्क दन्त शिविर सम्पन्न भएको छ । पिपलडाँडामा महिला सशक्तिकरण तथा बालबालिका उत्थान समाज काठमाडौंको आयोजनामा उक्त शिविर सम्पन्न भएको हो । शिविरमा स्थानीयलाई दात परीक्षण, दन्त सफाई, दन्त भराइ र अन्य आवश्यक उपचार सेवाहरू प्रदान गरिएको थियो ।

महिला सशक्तिकरण तथा बालबालिका उत्थान समाज काठमाडौंका प्रमुख सरोजा श्रेष्ठले गाउँमा स्वास्थ्य सेवाहरूको पहुँच पुर्याउनका लागि यस किसिमका शिविरहरूको आयोजना गरिएको जानकारी दिनुभयो ।

उहाँले स्वास्थ्य शिविर पालिका मात्र नभई वडा स्तरमा लाने निर्णय गरेको जस्ले गर्दा प्रत्येक वडाका बसिन्दाहरुले स्वस्थ्य सुविधा पाउने बताउनुभयो ।

यस कार्यक्रमले पिपलडाँडाको स्वास्थ्य क्षेत्रमा एक नयाँ पहल ल्याएको र ग्रामीण क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवामा सुधार ल्याउने दिशा दिएका छन्। स्थानीयवासीहरूको सकारात्मक प्रतिक्रियाले पनि शिविरलाई सफल बनाएको छ।

महिला सशक्तिकरण तथा बालबालिका उत्थान समाजले यसैगरी विभिन्न सामाजिक र स्वास्थ्य सेवा कार्यक्रमहरूको आयोजना गर्दै, समाजमा सकारात्मक परिवर्तन ल्याउने प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको छ।

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेस्क
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेल: weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## स्ववियु निर्वाचनमा निर्वाचित हुने प्रतिनिधिलाई शुभकामना

परिवर्तनका रुपमा विद्यार्थी शिक्षा, चेतनालाई लिन सकिन्छ । विश्वका विकसित देशहरुलाई नियाल्ने हो देशको विकासका लागि विद्यार्थीले महत्वपूर्ण भूमिका खेलेका छन् ।

बिषेश गरी उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ठकै कारण विश्वका भयानक तानाशाहीहरुको पतन भएको कुरा इतिहासमा साचि छ ।

नेपालको परिवेशमा नियाल्ने हो भने पनि ऐतिहासिक परिवर्तनकाकारीहरु धेरै जसो विद्यार्थी नै थिए । अबको केहि दिनमा भने देशमा नेपालभर त्रिभुवन विश्वविद्यालय (त्रिवि) का आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसमा स्ववियु निर्वाचन हुने भएको छ । भोलि चैत ५ मा क्याम्पसहरुमा स्ववियु प्रतिस्पर्धा हुने भएको छ ।

साच्चै नेपालको शिक्षा परिवर्तन गर्ने जोस र जाँगर बोकेर आएका विद्यार्थीहरुले स्ववियु निर्वाचनमा जित्न आवश्यक छ । क्याम्पसमा हुने शिक्षाको गतिविधिलाई अझ चुस्तदुरुस्त बनाउन स्ववियु निर्वाचनमा निर्वाचित भएका प्रतिनिधिले सकुन शुभकामना छ ।

विचारपत्र

# के हो नेतातन्त्र ?

केशव दाहाल

पछिल्लो समय दुइटा 'नागरिक मञ्चहरू' नेतातन्त्रको विपक्षमा प्रखर देखिन्छन् । पहिलो, 'बृहत् नागरिक आन्दोलन', जो नेतातन्त्रका विरुद्ध आन्दोलनको आवश्यकताबारे बोलिरहेको छ । दोस्रो, 'नागरिक पहिलो अभियान', जसले नेतातन्त्रको अन्त्यमा लागि राजनीतिक विकल्पका प्रस्तावहरू अगाडि सारेको छ ।

दुवैको साझा बुझाइ छ- 'हाम्रो लोकतन्त्रलाई जोगाउने हो भने नेतातन्त्रको अन्त्य आवश्यक छ । अन्यथा, नेतातन्त्र यसरी नै पन्पिँदै जाने हो भने, यसले जनआन्दोलनका उपलब्धि, नागरिक भावना र सपनाहरूलाई नष्ट गर्नेछ । लोकतन्त्रलाई सिध्याउनेछ । र, राज्य स्वयं भ्रष्ट, अराजक, असहिष्णु र अन्यायपूर्ण हुँदै जानेछ ।' के हो नेतातन्त्र ? किन यसको अन्त्य आवश्यक छ ?

नेतातन्त्रलाई बुझ्न सर्वप्रथम केही शब्दावलीहरू हेरौं र राजनीतिक अर्थ खोजौं । चारवटा राजनीतिक शब्दावली लिउँ- राजतन्त्र, दलतन्त्र, नेतातन्त्र र लोकतन्त्र । सबैलाई थाहा छ, राजतन्त्रको अर्थ हो, राजाको शासन । यस्तो शासनमा राजा सबैभन्दा माथि हुन्छन्, कानुन लाग्दैन । राजाले संविधान मान्नु पर्दैन । राजतन्त्र यस्तो शासन व्यवस्था हो, जहाँ देश, राज्य, सरकार र नागरिक सबै राजाको मातहतमा हुन्छन् । अर्थात्, राजतन्त्रमा राज्यको सार्वभौमिकता र राज्यशक्तिको स्रोत राजामा निहित हुन्छ ।

दलतन्त्रमा राज्यसत्ताको शिरमा हुन्छन् दलहरू । उनीहरू संविधान, कानुन र राज्य अंगमाथि यसरी गजधम्म बस्छन्, मानौं, यी सबैको स्वामी उनीहरू नै हुन् । उनीहरू आफू स्वयंमा राज्यसत्ता र राज्यशक्तिको स्रोत निहित छ भन्ठान्छन् । त्यसैले ठान्दछन्, उनीहरू नै सत्ता हुन् । यसरी हेर्दा, दलतन्त्रको अर्थ हुन्छ, दलीय सर्वोच्चता ।

त्यसो भए के हो त नेतातन्त्र ? नेतातन्त्रको अर्थ हो, नेताको सर्वोच्चता । यो राज्य सञ्चालनको यस्तो विकृत अवस्था हो, जहाँ देश, राज्य, राजनीति, राजकाज र नागरिकको शिरमा हुन्छन् खास नेताहरू । जसलाई कानुन लाग्दैन, नियम मात्रै होइन जनादेशै मान्नुपर्दैन । मुठ्ठीभर नेताहरू आफूलाई विशेषाधिकारप्राप्त पालनहार ठान्दछन् र त्यसैको आडमा सर्वत्र रजगज गर्दछन् । तर लोकतन्त्र भनेको राजतन्त्र, दलतन्त्र र नेतातन्त्रभन्दा भिन्न र उन्नत व्यवस्था हो । जहाँ राज्यको शिखरमा हुन्छन् नागरिक र उनीहरूको सार्वभौम शक्ति, सपना र अभिमत नै राज्य सञ्चालनको स्रोत हुन्छ । अर्थात्, लोकतन्त्रको अर्थ हो- लोकको सर्वोच्चता र सार्वभौमिकता ।

विचार गरौं, अहिले नेपालमा के छ ? जगजाहेर छ, राजतन्त्र छैन । त्यसैले अहिले राजाको मनमौजी छैन । राजाको इच्छाले आज केही पनि हुँदैन । आज राजा सत्ताको शिखरमा छैनन् । अहिले हामीकहाँ राजा स्वयं नागरिक बनेको अवस्था छ । अतः यो राजतन्त्र होइन । त्यसो भए अहिले हामी जे भोगिरहेका छौं, के यो दलतन्त्र हो ?

अथवा, यहींनेर अर्को पनि जोडिनसक्छ, के दलतन्त्र र बहुदल भनेको एउटै कुरा हो ? कतिपय मान्छेहरू ठान्दछन्- बहुदल र दलतन्त्र एउटै हो । उनीहरू ठान्छन्- दलतन्त्रको विरोध गर्नु बहुदलको विरोध हो । वस्तुतः यो निकै कच्चा र सतही सोच हो । किनभने, दलतन्त्र र बहुदलमा धेरै फरक छ । यति धेरै फरक छ, जस्तो दल र दलतन्त्रमा फरक छ ।

जस्तो कि, बहुदलको अर्थ हो- समाजमा धेरैभन्दा धेरै दलहरूको राजनीतिक उपस्थिति र अस्तित्व स्वीकार गर्नु । बहुदलको अर्थ हो- दलहरूले गर्ने राजनीतिक आन्दोलनहरूलाई स्वीकार्नु । दलहरूले उठाएका मुद्दाहरूलाई बुझ्नु, हेर्नु र (अ)स्वीकार गर्नु ।

हाम्रोजस्तो बहुलवादी समाजमा, नागरिक स्वयं अनेक वैचारिक तथा राजनीतिक धारमा विभाजित हुन्छन् र दलहरूले त्यसको संगठित प्रतिनिधित्व गर्दछन् । अथवा, नागरिकका अनेक सपनाहरू हुन्छन् र ती सपनाहरू भिन्नभिन्न दलमार्फत अभिव्यक्त भइरहेका हुन्छन् । यो अर्थमा, दलहरू नागरिकका राजनीतिक प्रतिनिधि हुन् ।

दलहरू आफ्ना उम्मेदवारमार्फत निर्वाचनमा उभिन्छन्, मतदाताहरू दलका विचार, एजेन्डा र उम्मेदवार हेरेर भोट हाल्छन् । यो लोकतान्त्रिक राजनीतिको महत्त्वपूर्ण पक्ष हो । त्यसैले स्पष्ट छ, दल (बहुदल) लोकतान्त्रिक राजनीतिका चालक तत्त्व हुन् । उनीहरू हुन्छन् र त लोकतन्त्र जीवन्त हुन्छ ।

तर दलहरूको अस्तित्वलाई स्विकार्नु र दलतन्त्रलाई स्विकार्नु फरक कुरा हो । यहाँ बहुदलले 'राजनीतिक' अर्थ दिन्छ । दलतन्त्रले 'शासकीय' (राजकीय) अर्थ दिन्छ । जब दलहरू आफ्ना राजनीतिक सीमा नाघेर राज्यसत्तामाथि सिधा हस्तक्षेप सुरु गर्दछन्, त्यसपछि दलतन्त्र प्रारम्भ हुन्छ । नभुलौं, दलहरूको 'राजनीतिक' उपस्थिति र 'राजकीय' उपस्थिति आफैंमा फरक अवस्था हो ।

लोकतन्त्रमा दलहरूको राजनीतिक उपस्थिति अनिवार्य हुन्छ तर राजकीय हस्तक्षेप अस्वीकार्य हुन्छ । किनभने, लोकतन्त्रमा राजकीय सत्ता भने निर्वाचित जनप्रतिनिधिको (मार्फत नागरिकको) हातमा हुनुपर्छ, दलको हातमा होइन । यसर्थ, दलतन्त्रको विरोध गर्नु, निर्दलीयताको पक्षपोषण हुँदैन । एउटा लोकतान्त्रिक नागरिक सधैं बहुदलको पक्ष र दलतन्त्रको विपक्षमा उभिनुपर्छ ।

यहाँनेर, दलहरूको राजनीतिक अस्तित्व स्वीकार गर्नु बहुदल स्वीकार गर्नु हो । तर दलहरू जब आफ्नो राजनीतिक भूमिकाभन्दा माथि गएर राजकीय हस्तक्षेपको भूमिकामा देखा पर्दछन् तब दलतन्त्र सुरु हुन्छ । बहुदल भनेको राजनीतिक कुरा हो । दलतन्त्र भनेको शासकीय (राजकीय) कुरा हो ।

बहुदलको अर्थ राजनीतिमा दलहरूको नेतृत्व स्वीकार गर्नु हो । तर दलतन्त्रको अर्थ हुन्छ- दलहरूको शासकीय प्रभुत्व । सफा र जीवन्त लोकतन्त्रमा बहुदल हुन्छ तर दलतन्त्र हुँदैन । किनभने लोकतन्त्रमा जनप्रतिनिधिले शासन गर्दछन् । तर दलतन्त्रमा जनप्रतिनिधिमाथि समेत दलहरूको नियन्त्रण रहन्छ ।

नियालेर हेर्दा, दलतन्त्रले मुख्यतः पाँचवटा राजनीतिक तथा शासकीय संकट सिर्जना गर्दछ । पहिलो, दलतन्त्रमा निर्वाचित जनप्रतिनिधिलाई जनमतले हैन, पार्टी निर्णयले निर्देशित गर्छ । दोस्रो, दलतन्त्रमा सरकारलाई जनप्रतिनिधिले हैन, पार्टी संयन्त्रले निर्देशित गर्छ । तेस्रो, दलतन्त्रमा सरकारको नीतिभन्दा प्रभावशाली हुन्छ पार्टीनीति ।

चौथो, दलतन्त्रमा पार्टी निर्णय, निर्वाचित जनप्रतिनिधिको निर्णयभन्दा प्रभावकारी भएर देखा पर्दछ । र, पाँचौं, दलतन्त्रमा राज्यअंगहरू दलको नियन्त्रणमा हुन्छन् । दलतन्त्र लोकतन्त्रको यस्तो विकृत अवस्था हो, जहाँ पार्टीको सिफारिसमा न्यायाधीश नियुक्त हुन्छन् । पार्टी संयन्त्रले संवैधानिक अंगको पजनी गर्छ । यसरी हेर्दा, दलतन्त्रमा मतदाताको अर्थ फगत भोट हाल्ने मात्र हुन्छ, जनप्रतिनिधिहरू मतदाताप्रति नभई दलप्रति उत्तरदायी हुन्छन् । स्पष्ट छ, जनप्रतिनिधिको शासन र दलको शासन भन्नु आफैंमा ठूलो भिन्नता हो । र, यही भिन्नता नै लोकतन्त्र र दलतन्त्रको भिन्नता हो ।

त्यसो भए, के हो त नेतातन्त्र ? नेतातन्त्र भनेको दलतन्त्र भन्दा पनि अझ खराव अवस्था हो । जहाँ नेता असीमित शक्तिशाली र निर्णायक हुन्छ । नेतातन्त्रमा राजनीतिक संगठन र राज्य संरचनाहरू फगत नेताको कठपुतली बन्छन् । त्यसपछि के हुन्छ ? नेता तानाशाही, सर्वसत्तावादी र जब्बर बनेर निस्कन्छ । उसको नागरिकसँगको सम्बन्ध टुट्छ र ऊ घेरिन्छ केही मुठ्ठीभर आसेपासे र बिचौलियाबाट । तिनै बिचौलियाहरूका बीचबाट नेतालाई 'ग्लोरिफाई' गर्ने लम्फु र निर्लज्ज जमात प्रकट हुन्छ । नेताको स्तुति गाउन (भाट) कवि, कलाकार र व्यापारहरू निस्कन्छन् ।

त्यसपछि, आलोचना, प्रश्न र छलफल रोकिन्छन् । नेताले आफ्नो खल्तीबाट टिकट, राजनीतिक र संवैधनिक नियुक्ति बाँड्न थाल्छ । त्यसपछि राज्यअंग अमूक नेताको पाउमा पर्छ र लोकतन्त्रको थाहै नपाई चिरहरण गरिन्छ । नेतातन्त्र राज्य सञ्चालनको यस्तो विकृत अवस्था हो, जहाँबाट सत्ता र शक्तिको असीमित दुरुपयोग सुरु हुन्छ । भ्रष्टाचार सुरु हुन्छ । अनि सनैसनै, राज्य, राजनीति, दल र प्रणाली सबै भ्रष्ट, पंगु र अर्थहिन बन्न पुग्छन् ।

त्यसपछि नीति र प्रणालीको बहस सकिन्छ र सुरु हुन्छ- नेताको अलौकिकता र चामत्कारिक व्यक्तित्वको सार्वजनिक विमर्श । त्यसपछि, नेता मान्छेबाट भगवान् बन्छ । नेता ख्वामित बन्छ

पेज नं ६ मा

# उपभोक्ताको अधिकार रक्षा

विमला खनाल

'स्वच्छ र प्रतिस्पर्धी बजार उपभोक्ता संरक्षणको दिगो आधार' भन्ने नाराका साथ हिजो (मार्च १५) विश्व उपभोक्ता अधिकार दिवस मनाइयो ।

१५ मार्च सन् १९६२ का दिन अमेरिकाका राष्ट्रपति जोन एफ केनेडीले उपभोक्तालाई सुरक्षा, सूचना, सुनुवाइ र छनोट गर्न पाउने गरी चार अधिकार प्रदान गर्नुभएको थियो । यिनै चार अधिकारलाई आधार मानेर उपभोक्ता अधिकार संरक्षण गर्ने कानुनी व्यवस्थाको विकास भएको पाइन्छ । त्यही दिनको सम्झनामा अहिले पनि मार्च १५ लाई विश्व उपभोक्ता अधिकार दिवसका रूपमा हरेक वर्ष संसारभर मनाइन्छ । संयुक्त राष्ट्रसङ्घले सन् १९८५ अप्रिल ९ का दिन उपभोक्तालाई सुरक्षा, सूचना, सुनुवाइ, छनोट, क्षतिपूर्ति, आधारभूत आवश्यकतामा पहुँच, स्वस्छ वातावरण र प्रतिनिधित्वको अधिकारसहित नौ वटा अधिकार प्रदान गरेको छ । नेपालको संविधान धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्न पाउने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिमको क्षतिपूर्ति पाउने अधिकार प्रदान गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्तालाई वस्तु तथा सेवामा सहज पहुँचको अधिकार, प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवा छनोट गर्न पाउने अधिकार, मूल्य परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुन पाउने अधिकार प्रदान गरेको छ ।

यसै गरी वस्तुमा रहेको मात्रा तत्व वा पदार्थको बारेमा जानकारी पाउने अधिकार, हानिनोक्सानी पुऱ्याउने वस्तु वा सेवा बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार, परेको मर्काविरुद्ध कानुनी कारबाही गराउन पाउने अधिकार, वस्तु वा सेवाको प्रयोगबाट हानि नोक्सानी भएमा क्षतिपूर्ति पाउने अधिकार, न्यायिक उपचार पाउने वा सुनुवाइ हुने अधिकार र उपभोक्ता शिक्षाको अधिकारसहित गरी नौ वटा अधिकार प्रदान गरेको छ ।

यति धेरै कानुन निर्माण भए पनि कार्यान्वयन पक्ष फितलो भएकाले बनेका कानुनले उपभोक्तालाई न्याय दिन सकेको छैनन् । बनेका कानुन र संविधानप्रदत्त अधिकारको खिल्ली उडाउँदै गुणस्तरहीन, अखाद्य, मिसावटी वस्तु र सेवा निर्बाध रूपमा बिक्री वितरण भइरहेको छ ।

जस्तै, बेसार मा पिठो र रङ, दुधमा कास्टिक सोडा सोडियम वाई कारबोनेट र सेतो चिनी, घिउमा डाल्डा र न्यून गुणस्तरको चिल्लो पदार्थ, मिठाईमा सेतो बनाउन, फुलाउन, रङ्गाउन र बास्नादार बनाउन विभिन्न केमिकल, खाने तेलमा अखाद्य तेल मिसाइएको छ ।

पिउन अयोग्य पानी, विषादीयुक्त फलफूल र तरकारी, हर्मोन र एन्टिबायोटिक प्रयोग भएका र रोग सङ्क्रमित मासु खान उपभोक्ता बाध्य भएका छन् ।

बजारले मुलुकको विकास र अर्थन्तन्त्रलाई देखाइरहेको हुन्छ । हाम्रो जस्तो विकासउन्मुख मुलुकका उपभोक्ता शैक्षिक र चेतना स्तर न्यून भएका र आर्थिक र शक्ति सन्तुलनका दृष्टिले कमजोर छन् । राज्यको संस्थागत संयन्त्र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, औषधी व्यवस्था विभाग, गुणस्तर तथा नापतौल विभाग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, सडक तथा यातायात व्यवस्था विभाग, पशु सेवा विभागलगायत सङ्घ, प्रदेश र स्थानीय सरकारका विषयगत संयन्त्रको सक्रियता देखिन्न ।

कानुन कार्यान्वयन र नियमनमा अक्षमता, बजार स्वच्छ बनाउने कार्यक्रमको अभाव, स्रोतको प्रबन्ध नहुनु, व्यापारी व्यवसायी स्वच्छ बजार र उपभोक्ता हितको परवाह नगरी जसरी भए पनि बढी नाफा कमाउनु पर्छ भनी नाफामुखी मात्र भएका कारण कालोबजारी बढेको छ । बजारमा वस्तु र सेवामा कालोबजारी, अखाद्य वस्तुहरूको मिसावट, कृतिम अभाव, कार्टेलिङ, ठगी, सिन्डिकेट, अस्वाभाविक मूल्य वृद्धि जस्ता विकृति विसङ्गति मौलाइरहेको छ ।

बजारलाई अनुशासित मर्यादित बनाउन जनउत्तरदायी नियामक निकाय, वस्तुगत नियमन, छिटो क्षरितो पारदर्शी र प्रभावकारी सेवा, बनेका कानुनको प्रभावकारी कार्यान्वयन र अनुगमन हुन जरुरी छ ।

अनुचित र कानुनद्वारा निषेधित व्यापारिक क्रियाकलाप गर्नेलाई कानुनको दायरामा ल्याई कडा दण्ड सजाय गरी उपभोक्ता अधिकारको रक्षा गर्नु आवश्यक छ ।

उपभोक्ता अधिकार दिवस मनाउने क्रममा वार्षिक नारा पनि तय गरिन्छ । नेपाल सरकारले "स्वच्छ र प्रतिस्पर्धी बजार : उपभोक्ता संरक्षणको दिगो आधार" भन्ने नारा तय गऱ्यो ।

उपभोक्ता अधिकारको अर्थपूर्ण र सार्थक कार्यान्वयनको आधार भनेकै स्वच्छ र प्रतिस्पर्धी बजार हो । स्वच्छ बजार कायम गरी उपभोक्ता अधिकारको पालना र प्रत्याभूति आमउपभोक्ता माझ सुनिश्चित गराउनु राज्यको दायित्व हो ।

स्वच्छ बजार सुनिश्चित गर्न राज्यका तर्फबाट राज्यको संस्थागत संयन्त्रको कर्तव्य परायणता, कानुनको प्रभावकारी कार्यान्वयन, कार्यक्रम र स्रोतहरूको राम्रो प्रबन्ध गर्नु अति आवश्यक छ । व्यापारी व्यवसायीले वर्तमान कानुन, व्यावसायिक नैतिकता, मर्यादित व्यवहार र आत्म अनुशासनको पालना गर्नु पर्छ ।

उपभोक्ताले प्रतिस्पर्धात्मक उचित मूल्यमा गुणस्तरीय वस्तु र सेवा सहज ढङ्गले प्राप्त गर्न पाउनु, शुद्धता र गुणस्तरका बारेमा सूचित हुन पाउनु, सामान खरिद गर्दा बिल बिजक प्राप्त गर्न पाउनु र सामान खरिद गरिसकेपछि आफू ठगिएको महसुस गर्न नपर्ने गरी उपभोक्ता संरक्षणका दिगो आधार तयार गर्नु पर्छ ।

बजार प्रणालीलाई स्वच्छ प्रभावकारी प्रतिस्पर्धी सहज र उपभोक्तामैत्री बनाउन गुणस्तरीय वस्तु र सेवा उत्पादन गर्ने वस्तुको लेभल निर्धारण गर्ने, लेभलमा कानुनले तोकेबमोजिमको सबै विषय उल्लेख गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, त्रुटिपूर्ण उत्पादन भई बजारमा गएमा जानकारी पाउनेबित्तिकै त्यस्तो वस्तु सङ्कलन गरी नष्ट गर्ने गलत वा भ्रमपूर्ण विज्ञापन नगर्ने उपभोक्ताले स्पष्ट रूपमा देख्ने र बुझ्ने गरी वस्तुको मूल्यसूची राख्ने गर्नु पर्छ । खरिद गर्ने वस्तु र सेवामा उत्पादन मिति, उपभोग समाप्त मिति, वारेन्टी, ग्यारेन्टी, मूल्य, मिश्रण, के बाट बनेको हो विवरण, सिल, सेवा केन्द्रको तथा उत्पादकको जानकारी सम्पर्क नम्बरलगायतका कुरा उल्लेख हुनु पर्छ ।

साथै माग अनुसारको आपूर्तिको सन्तुलन व्यवस्थित बनाउन कुन कुन क्षेत्रमा वस्तु तथा सेवाको के कति मात्रामा आवश्यक छ भन्ने यकिन तथ्याङ्क राखी आपूर्ति व्यवस्थालाई सबल, सक्षम, सर्वसुलभ, नियमित, प्रभावकारी, समयसापेक्ष र जनअपेक्षा अनुरूप व्यवस्थित र वैज्ञानिक बनाउनु पर्छ ।

उपभोक्ता संरक्षणको दिगो आधार तयार गरी बजारमा अनुचित व्यापारी क्रियाकलाप र कानुनद्वारा निषेधित व्यापारिक क्रियाकलाप गर्नेलाई कानुनको दायरामा ल्याई कडा दण्ड सजाय गरी उपभोक्ताको अधिकार रक्षा गर्न सकियो भने मात्र उपभोक्ताले बजारमा न्यायको अनुभूति गर्न पाउने छन् ।

सरकारले तय गरेको 'स्वच्छ र प्रतिस्पर्धी बजार : उपभोक्ता संरक्षणको दिगो आधार' भन्ने नारा सार्थक हुन्छ नत्र नारमा मात्रै एक दिन उपभोक्ता अधिकार दिवस मनाएर सकिन्छ ।

*(गोरखापत्रदैनिक)*

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौँ,**
**सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**हेलम्बु गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौँ,**
**सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**पाँचपोखरी गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

# चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्मान



**जनतापत्र । चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्मान गरिएको छ । नगरबासी नागरिकको स्वास्थ्य विमा गर्ने निर्णय सम्मान जनक रहेको भन्दै अपाङ्गता समन्वय समितिले नगरलाई सम्मान गरेको हो ।

मंगलबार एक कार्यक्रमको बिच अपाङ्गता समन्वय समितिले चौतारा साँगाचोकगढी नगरापलिकाले पछिल्लो चरण गरेको नगरबासी नागरिकको स्वास्थ्य विमा गर्ने गरिरहेको छ ।

नगरपालिकाले सवै प्रकृतिका अपाङ्गता भएकाहरुलाई उक्त बिमा कार्यक्रममा समेट्ने निर्णयको सम्माान गर्दै नगरपालिकालाई सम्मान गरेको हो ।समतिले आयोजना गरेको सरोकारवाला निकायको नीति तथा कार्यक्रमको अपाङ्गता समावेशी समिक्षा कार्यक्रमद्धारा नगरपालिकालाई गरिएको सम्मान दोसल्ला सहित उपप्रमुख सीता थापालाई प्रदान गरिएको छ। यसभन्दा अघि जेष्ठ नागरिक , क र ख बर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई मात्र स्वास्थ्य विमा गर्दै आएको थियो ।

गत महिनाको १६ औँ नगरसभाको निर्णयमा नगरबासी अति दलित , बित्पन्न, सिमान्तकृत समुदाय माझी , पहरी र दनुवार, जनयुद्ध र जनआन्दोलनका घाईते, शहीद तथा बेपत्ता परिवार, खेलाडी र सवै प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको लागि नगरपालिकाकै खर्चमा बिमा गराउने निर्णय भएको थियो । बिमाको लागि आवश्यक रकम प्रति व्यक्ति -परिवारको लागि लाग्ने ३ हजार ५ सय रुपैंया नगरपालिकाले बेहोर्नेछ र उनीहरुले बर्षमा एक लाख सम्मको स्वास्थ्य सेवा लिन पाउनेछन् । नगरपालिकाले दिएको जानकारी अनुसार, यस निर्णयमा नगरापालिकाभरका १ हजार भन्दा बढी व्यक्तिहरुले सुबिधा पाउने छन् ।

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौँ,**
**सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**इन्द्रावति गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौँ,**
**सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**

**बलेफी गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौँ,**
**सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**बाह्रविसे नगरपालिका**
**नगरपालिकाको कार्यालय,सि.पा**

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौँ,**
**सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**जुगल गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

# चोरी गरेको आरोपमा मेलम्चीका कार्की पक्राउ



**जनतापत्र । चौतारा**

चोरी गरेको आरोपमा सन्धुपाल्चोकको मेलम्चीका राजकुमार कार्की प्रक्राउ परेका छन् । कीर्तिपुरमा चोरी गरेको आरोपमा कार्की सहित तीन जना पक्राउ परेका छन् । जसमा धादिङको महादेववेंशी गाउँपालिका-६ घर भएका ३३ वर्षीय फुलबहादुर तामाङ र भारतको बिहारका ३२ वर्षीय महोमद इमरान रहेका छन् ।

प्रहरी वृत्त कीर्तिपुरको टोलीद्धारा उनिहरु पक्राउ परेका हुन् । पक्राउ परेकाहरुविरुद्ध चोरीको कसुरमा काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

यो समूहले १५ फागुनमा कीर्तिपुरको ढल्पास्थित एक जनाको डेरा कोठाको ताला फोडेर सामानहरु चोरी गरेको आरोप छ । प्रहरीले उनीहरुबाट सुनको रिङ २ थान, गालेको सुनको सिक्का १ थान, घडी १ थान, चाँदीको तिलहरी १ थान, चाँदीको बाला १ थान, सुनको तिलहरी १ थान, नगद ३ हजार, ३ थान ल्यापटप, मोबाइल र चाबी फुटाउन प्रयोग हुने रड बरामद गरेको छ ।

# हत्याको आरोपमा पाँच जना पक्राउ

**जनतापत्र । चौतारा**

महिलाको हत्यामा सिन्धुपाल्चोककी पूजासहित पाँचको संलग्नता रहेको छ । उक्त हत्याको आरोपमा सिन्धुपाल्चोक तिपेनीकी एक किशोरीको सहित अन्य पाँच जना प्रक्राउ परेका हुन् ।

पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोकको तिपिनेकी पूजा परियार, सर्लाहीका कैलाश खड्का, मकवानपुरका सुरेश तामाङ, नुवाकोटका रोशन तामाङ र एक जना नाबालक रहेका छन् । प्रहरी वृत्त बौद्धद्धारा उनिहरु पक्राउ परेका हुन् । काठमाडौंको गोकर्णेश्वरमा एक महिलाको हत्या गरी बोरामा प्याक गरेर बागमती नदीमा फालिएको अवस्थामा शव फेला परेको हो । शनिबार गोकर्णेश्वर नगरपालिका-७ नामी कलेज नजिकको बागमती खोलाको बीच भागमा पानीमा डुबेको अवस्थामा एक महिलाको शव फेला परेको थियो । महिलाको अहिलेसम्म पहिचान खुल्न सकेको छैन। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

# इन्द्रावती बहुमुखी क्याम्पसको स्ववियु सभापतिमा गोकुल खड्का सर्वसम्मत निर्वाचित




**जनतापत्र । इन्द्रावति**

स्वतन्त्र विद्यार्थी युनियनको चुनावअन्तर्गत मेलम्चीमा रहेको इन्द्रावती बहुमुखी क्याम्पसमा अनेरास्ववियूका उम्मेदवार गोकुल खड्का स्ववियू सभापतिमा निर्वाचित हुनुभएको छ ।

मनोनयन दर्ताको लागि एमाले निकट अनेरास्ववियु र नेपाली काङ्ग्रेस निकट नेविसंघले संयुक्त प्यानल बनाएर उम्मेदवारी दर्ता गर्दा माओवादी केन्द्र निकट क्रान्तिकारीले भने एकल उम्मेदवारी दर्ता गरेको थियो ।

तर सर्वसंवत नेतृत्व चयन गर्ने विद्यार्थी संगठन र पार्टी नेताहरुको प्रयासपछि सर्वसंवत भएको अनेरास्ववियूका जिल्ला अध्यक्ष रविन तामाङले जानकारी दिनुभयो । सभापतिमा खड्का सँगै नेविसंघकी गिता गिरी उपसभापति,सचिव एलिना अधिकारी,कोषाध्यक्ष चण्डिका नेपाली निर्वाचित हुनुभयो भने सहसचिव अखिल क्रान्तिकारीले पाएको छ ।

सहसचिव अरुणा पाण्डे, त्यस्तै सदस्यहरुमा अनेरास्ववियूबाट राजिव दुलाल,अरुणा घिमिरे,शान्ति तामाङ,प्रदिप दुलाल,नेविसघं बाट शुभद्रा खड्का,कौशिला नेपाली,धनकुमारी सुनार,निर्वाचित भएको क्याम्पि प्रशासनले जनाएको छ ।

त्यस्तै अखिल क्रान्तिकारीबाट गणेश परियार र अर्जुन केसी निर्वाचित हुनुभएको छ भने राप्रपा बाट राजेश महराले निर्वाचित हुनुभएको निर्वाचन अधिकृत राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौँ,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
बन संरक्षणमा योगदान दिऔँ ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँपालिकाको कार्यालय,सि.पा

**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौँ,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
बन संरक्षणमा योगदान दिऔँ ।

भोटेकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय,सि.पा

# रत्न गंगा माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा श्रेष्ठ निर्वाचित



जनतापत्र । बाहबिसे

श्री कृष्ण रत्न गंगा माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा ईश्वरीप्रसाद श्रेष्ठ प्यानलले विजय प्राप्त गरेको छ।
माओवादीको तर्फबाट लडेको ईश्वरीप्रसाद श्रेष्ठको नेतृत्वले विव्यसको सम्पूर्ण पदमा विजय प्राप्त गरेको हो।

जिल्ला सदरमुकाम चौतारामा रहेको जेठो विद्यालयको रुपमा श्रीकृष्ण रत्नगंगा माध्यमिक विद्यालयलाई चिनिने गरिन्छ।
शनिबार सम्पन्न निर्वाचनमा दुई प्यानल र दुई स्वतन्त्र उठेका उम्मेदवारहरुले चुनाव चिन्हसहित अभिभावक मतदातासित भोट मागेर श्रेष्ठको प्यानलले चुनाव जितेका हुन्।

चौतारा साँगाचोकगढी नगरपालिका ५ स्थित श्रीकृष्ण रत्नगंगा माध्यमिक विद्यालयमा अभिभावकहरुले विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा मतदाता बनेर उम्मेदवार हरुलाई मत खसालेका छन्। ईश्वरीप्रसाद श्रेष्ठले ३ सय ५८ मत, राजन बुढाथोकीले ३ सय ९६ मत, लक्ष्मी श्रेष्ठले ३ सय ८२ मत र निर्मला श्रेष्ठले ३ सय ८२ मत पाएर विजयी हासिल गरेका हुन् भने अर्का उम्मेदवार निमेष श्रेष्ठले ३ सय २२ मत, निमा ग्याल्जेन लामाले २ सय ७७ मत, विन्दा गिरी पुरीले ३ सय २४ मत र लजिता श्रेष्ठले ३ सय ३९ मत प्राप्त गरेका थिए। त्यस्तै स्वतन्त्र उम्मेदवार संसार श्रेष्ठले ६० मत र रविन श्रेष्ठले ४५ मत पाएका छन्। कुल १ हजार ३ सय ८९ मतदातामध्ये ८ सय ६४ जना अभिभावकले मतदानमा सहभागी भएर मतदान गरेका थिए।

# के हो ....

र उसलाई आसेपासेहरूले पार्टी, लोकतन्त्र, राज्यसंरचना आदिभन्दा माथि लगेर दरबारमा स्थापित गरिदिन्छन्। यसरी लोकतन्त्र, दलतन्त्र हुँदै नेतातन्त्रमा संकुचित हुन पुग्छ। यसरी पार्टी पन्थ बन्छ र नेता बन्छ- मुठ्ठीभर बिचौलियाहरूको पालनहार।

दलतन्त्र, नेतातन्त्र र लोकतन्त्रलाई एउटै सूचकबाट हेर्दा यिनीहरूमा अत्यन्तै ठूलो फरक देखिन्छ। शक्ति निक्षेपणका आधारमा हेर्दा, लोकतन्त्रमा राज्यशक्तिको स्रोत नागरिक हुन्छन्। दलतन्त्रमा राज्यशक्तिको स्रोत दलमा केन्द्रित हुन्छ भने नेतातन्त्रमा नेतामा। लोकतन्त्र विशेषतः निर्वाचित जनप्रतिनिधिमार्फत नागरिकले आफ्नो सार्वभौम शक्ति अभ्यास गर्ने व्यवस्था हो। जसमार्फत नागरिकले राज्यमाथि नियन्त्रण गर्दछन्।

लोकतन्त्रमा, नागरिकको सार्वभौम शक्ति नै राज्य सञ्चालनको मूलस्रोत हुन्छ र उनीहरूभन्दा माथि पार्टी वा नेता कोही पनि हुँदैनन्। तर दलतन्त्रमा शक्तिको स्रोत बन्छन्, दल र तिनका तहगत कार्यकर्ता।
नेतातन्त्रमा पुगेपछि, त्यो अझ संकुचित हुँदै जान्छ र राज्यशक्तिको सर्वाधिकारी बन्न पुग्छन् फगत एक (दुई) नेता। लोकतन्त्रमा राज्य नागरिकप्रति उत्तरदायी हुन्छ। दलतन्त्रमा राज्य दलप्रति उत्तरदायी हुन्छ। नेतातन्त्रमा राज्य नेताप्रति उत्तरदायी हुन्छ। लोकतन्त्रमा नागरिकका एजेन्डा नै राज्यका एजेन्डा बन्दछन्। दलतन्त्रमा दलका एजेन्डा प्रबल हुन्छन्। र, नेतातन्त्रमा नेताका निजी सोच र सपनाहरू नै राज्यका सोच र सपना बन्न पुग्दछन्।

भन्न पर्दैन कि, लोकतन्त्र विस्तारित, गहिरो, व्यापक र सहभागितामूलक हुन्छ। तर दलतन्त्र हुन्छ सङ्कीर्ण। नेतातन्त्र दलतन्त्रभन्दा पनि धेरै संकुचित र पक्षपाती हुन्छ। यसैगरी, लोकतन्त्रमा प्रश्न र आलोचनालाई उत्प्रेरित गरिन्छ। दलतन्त्रमा दलहरू आलोचनाभन्दा माथि हुन्छन्। त्यसैले प्रश्नहरूलाई दलहरू स्वयंले नियोजन गर्दछन्।
नेतातन्त्रमा नेता प्रश्न र आलोचनाभन्दा माथि हुन्छ। जगजाहेर छ कि, लोकतन्त्र स्वयं गतिशील व्यवस्था हो किनभने आम नागरिकको गतिशीलताले त्यसलाई ऊर्जा दिन्छ। तर दलतन्त्र र नेतातन्त्रमा गतिशीलता स्वयं केही मुठ्ठीभर मान्छेको स्वार्थ र सनकमा बन्दी बन्न पुग्छ।

लोकतन्त्र नागरिकका सपनाहरूको उदात्त अभिव्यक्ति हो। तर दलतन्त्र र नेतातन्त्र त्यसको संकुचन हो। यसरी हेर्दा, देशमा अहिले हामी जेजस्तो शासन (लोकतन्त्रका नाममा) भोगिरहेका छौं, यो नेतातन्त्र (केही दलतन्त्र र धेरै नेतातन्त्र) हो। किनभने, अहिले नेपालका सबै पार्टी र राज्यका सिंहासनमा विराजमान छन् फगत केही थान ख्वामितहरू।

अहिले देश उनीहरूको भागबन्डामा चलिरहेको छ। दल, राज्य, सरकार र राजकीय संरचना सबैमा नेतातन्त्र छ। अतः भन्न सकिन्छ, अहिले हामी लोकतान्त्रिक राजनीतिको सबैभन्दा खराब अवस्थामा छौं। अर्थात्, आज हामी जे भोगिरहेका छौं, यो लोकतन्त्र हैन, यो नेतातन्त्र हो। अथवा हो गिरोहतन्त्र। र, यसलाई अन्य नगरी हामी गतिशील, सहभागितामूलक र परिणाममूखी लोकतन्त्र कसैगरी प्राप्त गर्न सक्दैनौं।

जसले एकैसाथ राजनीतिक विचार, एजेन्डा, संगठन र संस्कृतिको नवीकरण गर्ने हिम्मत गरोस्। यस्तो आन्दोलन, जसले एकै पटक राज्य, राजनीति र दललाई सफा गरोस्। राजनीतिलाई यति धेरै कञ्चन बनाओस् कि भविष्यमा नेतातन्त्रले कहीँकतैबाट पनि टाउको उठाउन नसकोस्।

आन्दोलन यस्तो हुनुपर्छ, जसले आवश्यक पर्दा नयाँ विकल्पको रेखांकन गरोस्। अन्यथा, नेतातन्त्र अझ जब्बर बनेर निस्कनेछ र लोकतन्त्रलाई जरैबाट सिध्याउनेछ। मुख्य कुरा के भने, हामी अझै चुपचाप बस्ने हो भने, हाम्रो मौनता आउने पुस्तालाई महँगो पर्नेछ। त्यसैले अब बोलौं- हामी नेतातन्त्रको अन्त्य र लोकतन्त्र पुनर्बहाली चाहन्छौं।

*(कान्तिपुरबाट)*


**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौं,**
**सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**चौतारा साँगाचोकगढी नगरपालिका**
**वडा नं ३ वडा कार्यालय,सि.पा**



**डढेलो नियन्त्रण गरौँ, जिवन र वन जोगाऔँ।**

**सुख्खा मौसममा डढेलो लाग्न सक्छ,**
**डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**
**त्यसैले डढेलोबाट जोगिन:**
**वनमा क्षेत्रमा आगो नबालौं,**
**सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,**
**चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,**
**डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,**
**बन संरक्षणमा योगदान दिऔँ ।**

**चौतारा साँगाचोकगढी नगरपालिका**
**वडा नं २ वडा कार्यालय,सि.पा**

# भोटेनाम्लाङ माविको वार्षिकोत्सव सम्पन्न



**जनतापत्र । चौतारा**

भोटेनाम्लाङ माविको वार्षिकोत्सव सम्पन्न कार्यक्रम सम्पन्न भएको छ ।
पाँचपोखरी थाङ्पाल गाउँपालिकास्थित उक्त विद्यालयले वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको हो ।

गुणस्तरीय शिक्षाका लागि एकले मात्र सम्भावना नहुने भएकाले शिक्षक, अभिभावक, बिद्यार्थी र सरोकारवाला सबैले ध्यान दिनुपर्ने वार्षिक उत्सव कार्यक्रम उद्धाटन गर्दै गाउँपालिका अध्यक्ष टासी लामाले बताउनुभयो । उहाँले गुणस्तरीय शिक्षाका लागि मेहनत गर्ने विद्यालयलाई पालिकाले अझै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै पढाइले मात्र अघि बढ्न सक्ने भएकाले पहिलो प्राथमिकता दिन आग्रह गर्दै स्थानीय भाषा, संस्कृतिको विकासमा जोड बचनबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा वडा अध्यक्ष सुके तामाङ, शिक्षा शाखा प्रमुख कमला खनाल लगायतको सहभागिता रहेको थियो ।
विद्यालय राम्रो बनाउन सबैको उतिक्कै महत्त्वपूर्ण भुमिका हुनुपर्नेमा वक्ताहरुले जोड दिएका थिए ।
सुरेन्द्र सुनारले शिव सुनार अक्षयकोष स्थापना गनुभएको छ । ३ जना अभिभावक विहिन ३ जना विद्यार्थीलाई छात्रवृत्ति हस्तान्तरण गर्नुभयो ।
बार्षिक प्रतिवेदन प्रधानाध्यापक गोपीप्रसाद पराजुलिले प्रस्तुत गर्नुभयो त्यस्तै विद्यालय व्यवस्थापन समिती अध्यक्ष वरदान तामाङले भाबि रणनीति , हालको अवस्था , प्राप्त उपलब्धि र समस्या समेटिएको प्रतिबेदन प्रस्तुत गर्नुभयो ।

# बाढी पछिको पुर्ननिमार्ण र पुर्नस्थापनाका गर्न लागिरहेको प्रचण्डको भनाई



**जनतापत्र । जुगल**

बाढी पछिको पुर्ननिमार्ण र पुर्नस्थापनाका गर्न लागिरहेको प्रचण्डले बताउनुभएको छ ।

सिन्धुपाल्चोकको मेलम्चीमा नेकपा माओवादी केन्द्र नगर समितिको तेस्रो नगर सम्मेलन तथा सहिद प्रतिष्ठान भवनको उद्धाटन समारोहमा यस्तो बताउनुभएको हो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मेलम्चीको समस्या समाधानका लागी आफ्नो विशेष चासो र चिन्ता रहेको बताउँदै आफु पछिल्लो पटक प्रधानमन्त्री हुँदा यहाँको पानी लगेवापत यहाँको जनताले पाउनुपर्ने लेवि दिलाउने प्रयास गरेको जनाउनुभयो । उहाँले कार्यक्रममा बोल्दै मेलम्ची बाढीले क्षति पुर्याएको संरचनालाई पूर्ननिमार्ण र पुनस्थापनको कामलाई जोडदार ढंगले सदनमा उठाउने बताउनुभयो ।

उहाँले बर्तमान सरकारले जुन मात्रामा सरकारले काम गर्नुपर्थ्यो त्यो हिसाबले काम नभएको आरोप लगाउनुभयो । सिन्धुपाल्चोकमा गुठिको समस्या धेरै रहेकाले त्यो समस्या समाधान गर्न समेत आफुले पहल लिने बताउनुभयो ।


## डढेलो नियन्त्रण गरौं, जिवन र वन जोगाऔं ।

सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौं,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौं,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना
फैलाऔं,
बन संरक्षणमा योगदान दिऔं ।

चौतारा साँगाचोकगढी
नगरपालिका कार्यालय,सिन्धुपाल्चोक

# राष्ट्रिय भलिबल प्रतियोगिता हुँदै



जनतापत्र । चौतारा

चौतारामा क्लबस्तरीय राष्ट्रिय भलिबल प्रतियोगिता हुने भएको छ ।
तोप २१ क्लबको आयोजनामा सिन्धुपाल्चोकको चौतारामा क्लबस्तरीय राष्ट्रिय भलिबल प्रतियोगिता हुन लागेको हो ।
चैत १५ देखि २० गतेसम्म हुने प्रतियोगिता चौतारा साँगाचोकगढी नगरपालिका-५ टुडिखेल मैदानमा हुन लागेको हो ।

प्रतियोगितामा सहभागिताका लागि चैत १० गतेसम्म टिम दर्ता गर्न सकिने छ ।
नेपाल भलिबल संघ, जिल्ला भलिबल संघ सिन्धुपाल्चोक र जिल्ला खेलकुद विकास समितिको प्रविधिक सहयोग रहने प्रतियोगिताको शीर्ष तीनले क्रमशः ३ लाख, १ लाख ५० हजार र ७५ हजार रुपैयाँ , ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् ।

डढेलो नियन्त्रण गरौँ,
जिवन र वन जोगाऔँ ।
सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौँ,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
बन संरक्षणमा योगदान दिऔँ ।
नेपाल सरकार
विज्ञापन वोर्ड

डढेलो नियन्त्रण गरौँ,
जिवन र वन जोगाऔँ ।
सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौँ,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
बन संरक्षणमा योगदान दिऔँ ।
इन्द्रावति गाउँपालिका
वडा नं ५ को वडा कार्यालय,सि.पा

डढेलो नियन्त्रण गरौँ,
जिवन र वन जोगाऔँ ।
सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौँ,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
बन संरक्षणमा योगदान दिऔँ ।
चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं ५ वडा कार्यालय,सि.पा

डढेलो नियन्त्रण गरौँ,
जिवन र वन जोगाऔँ ।
सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
वनमा क्षेत्रमा आगो नबालौँ,
सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावि नफालौँ,
डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔँ,
बन संरक्षणमा योगदान दिऔँ ।
मेलम्ची नगरपालिका
नगरपालिकाको कार्यालय,सि.पा